# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग
## बैकर्स प्रशिक्षण केन्द्र भवनको भुंई तलामा ढुकुटी मर्मत गर्ने कार्य बारेको
## सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२/०२/०७)

बोलपत्र नं :-मु.व्य.वि./ बो.प.नं.१/२०७१/७२

यस बैंकको **बैकर्स प्रशिक्षण केन्द्र भवनको भुई तलामा ढुकुटी मर्मत गर्ने** कार्य सिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म यस बैंकको मुद्रा व्यवस्थापन विभाग, थापाथली र टक्सार महाशाखाबाट पछि फिर्ता नहुने गरी रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फारम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेका पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस बैंकको मुद्रा व्यवस्थापन विभाग, थापाथलीमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ । उक्त दिन दिउंसो २:३० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४ बोलपत्र फारम साथ बोलपत्र जमानत वापतको कम्तिमा रु.६३,०००।- यस बैंकको बैंकिङ्ग कार्यालय थापाथलीस्थित खाता नं १३०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

५ बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा मुद्रा व्यवस्थापन विभाग, थापाथली, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६ यस कार्यको लागि अनुमानित लागत मूल्य रु.२०,८४,६२३।२६ (मू.अ.कर सहित) रहेको छ ।

७ यो सूचना तथा बोलपत्र सम्बन्धी विस्तृत जानकारी यस बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

मुद्रा व्यवस्थापन विभाग